आज मिति २०८१/११/०४ गते आईतबारका दिन माडी गाउँपालिकाका अध्यक्ष श्री अमरसिंह घर्तीमगर ज्यूको अध्यक्षता एवं तपसिलमा उल्लेखित सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहायका विषयमाथि छलफल गरी देहायका निर्णयहरु गरियो ।

उपस्थितिः

| क्र.स. | नाम/थर | पद | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री अमरसिंह घर्तीमगर | अध्यक्ष | ९८५७८२४७०६ | |
| २ | श्री जयपुरी घर्तीमगर | उपाध्यक्ष | ९८६८६०८०३० | |
| ३ | श्री रोहित सिंह घर्तीमगर | सदस्य | ९८४९३५४५७९ | |
| ४ | श्री ललित घर्तीमगर | सदस्य | ९८५७८२४१४८ | |
| ५ | श्री बल बहादुर बुढामगर | सदस्य | ९८४१८७९४४८ | |
| ६ | श्री रेग बहादुर मल्ल | सदस्य | ९७४८७२०७५६ | |
| ७ | श्री तेजेन्द्र बुढामगर | सदस्य | ९८५७८६०३४४ | |
| ८ | श्री खर्क बहादुर पुन | सदस्य | ९८५७८४२६७५ | |
| ९ | श्री इन्द्र बहादुर सिटिमहर | सदस्य | ९८०६२३९७४८ | |
| १० | श्री ओसे कामी | सदस्य | ९८४४९०३९२० | |
| ११ | श्री धनमाया घर्तीमगर | सदस्य | ९८६६५०४५७५ | |
| १२ | श्री जय कुमारी कुमाकी | सदस्य | ९८६५५९४१५१ | |
| १३ | श्री वरमाली कुमारी बुढा | सदस्य | ९८६८६७१४४० | |
| १४ | श्री ईश्वरी प्रसाद गौतम | सदस्य सचिव | ९८५७८२४६०१ | |
| १५ | कबिराम घर्ति | दिनको सदस्य | ९८६८३३८२४६ | |

आमन्त्रितः

श्री पहलमान वली

श्री पुष्पि (?)

अधिकृत

लेखा अधिकृत



Scanned with CamScanner

बैठकका एजेण्डाहरु:

१. कार्यविधि संशोधन सम्बन्धमा ।
२. नयाँ कार्यविधि पारित सम्बन्धमा ।
३. मयुर नाच सञ्चालन सम्बन्धमा ।
४. संघीय सरकारमा माग गरिने समपुरक तथा विशेष अनुदानका योजना छनौट सम्बन्धमा ।
५. सुरक्षित नागरिक आवास कार्यक्रम सम्बन्धमा ।
६. कार्यालय सहयोगि सम्बन्धमा ।
७. वास कार्यक्रम सम्बन्धमा ।
८. क्षमता विकास योजना प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
९. विविध सम्बन्धमा ।

निर्णयहरु:

निर्णय नं. १

प्रस्ताव नं. १ माथी छलफल गर्दा गाउँपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७४ को अनुसूची-२ मा देहायानुसार संशोधन गरी सोहीबमोजिम दस्तुर कार्यान्वयन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

देहायः

| क.स | निर्माण व्यवसायीको वर्ग | ईजाजतपत्र दस्तुर | ईजाजतपत्र नवीकरण दस्तुर | ईजाजतपत्र नवीकरण थप दस्तुर | ईजाजतपत्र प्रतिलिपी दस्तुर | नामसारी/ठाउँसारी दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | घ | रु २५००० | रु ५००० | रु २००० | रु १००० | रु १५००० |

निर्णय नं. २

प्रस्ताव नं. २ माथी छलफल गर्दा गाउँपालिकाका देहायानुसारका कार्यविधि स्वीकृत गर्ने निर्णय गरियोः

देहायः

१ माडी गाउँपालिकाको बाली तथा पशु बीमा सम्बन्धी अनुदान कार्यविधि २०८१

२ कृषि/पशु समिति/समूह दर्ता सम्बन्धी कार्यविधि २०८१

३ बाजार व्यवस्थापन सम्बन्धी कार्यविधि २०८१

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथी छलफल गर्दा माडी प्रज्ञा प्रतिष्ठानले वडा स्तरीय मयुर नाँच तथा अन्य विविध कार्यक्रमहरु सञ्चालन गरी सम्बन्धित शीर्षकबाट भुक्तानी/पुरस्कृत गर्ने निर्णय गरियो ।

माडी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय घर्तिगाउँ, रोल्पा लुम्बिनी प्रदेश, नेपाल

नि. प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथी छलफल गर्दा आगामी आ.व २०८२/८३ का लागि यस पालिकाका देहायका समपुरक तथा विशेष अनुदान अन्तर्गतका योजनाहरु छनौट गरी राष्ट्रिय योजना आयोगमा माग गर्ने निर्णय गरियोः

समपुरक अनुदान तर्फः

१ घर्तिगाउँ-जगरबोट-झिनुवा त्रिवेणी जोड्ने मोटरबाटो स्तरोन्नती तथा कालोपत्रे - रु २ करोड

२ बुढागाउँ-छहरेखोला-तालावाङ-ढन्ठान हिले मोटरबाटो स्तरोन्नती - रु १ करोड

३ घोर्नेटी-कालाभिर-झिनुवा त्रिवेणी जोड्ने मोटरबाटो कटिङ तथा स्तरोन्नती - रु १ करोड

४ शहिदमार्ग औल देखि भावाङ पाछावाङ हुँदै झौवाङ मोटरबाटो स्तरोन्नती माडी २ र ५ - रु १ करोड

विशेष अनुदान तर्फः

१ भितावाङ र एनावाङ सेलार स्टोर निर्माण योजना माडी १ र माडी ५ - रु ५० लाख

२ झिनुवा र व्याङ्गोला रष्टिक स्टोर निर्माण योजना माडी १ र माडी २ - रु ५० लाख

३

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथी छलफल गर्दा चालु आ.व का लागि ३ नं. वडा कार्यालयको सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत फुसको छानो हटाउने कार्यक्रमका लागि विनियोजित रु १५०००० अक्षेरुपि एक लाख पचास हजार रुपैया लाई देहायका घरधुरी/घर परिवारलाई देहायको दरले वितरण गर्ने गरी वडा समितिबाट निर्णय भई आएकोले सो निर्णयलाई अनुमोदन गरने निर्णय गरियोः

देहायः

१ धनमाली परियार- रु ५००००/-

२ सिर्जना परियार- रु ५००००/-

३ कर्ण बहादुर घर्ति- रु ५००००/-

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथी छलफल गर्दा यस कार्यालय अन्तर्गत सामुदायिक स्वास्थ्य ईकाई माडी-२ व्याङ्गोलामा कामकाज गर्ने गरी ज्यालादारीमा १ जना कार्यालय सहयोगी राख्न वडा कार्यालयलाई जिम्मा दिने र कार्यालय सहयोगीको पारिश्रमिक प्रचलित कानून बमोजिम प्रतिदिन न्यूनतम पारिश्रमिक/ज्याला (रु ६५० प्रतिदिन) उपलब्ध गराउने निर्णय गरियो ।

माडी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय घर्तिगाउँ, रोल्पा लुम्बिनी प्रदेश, नेपाल
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथी छलफल गर्दा चालु आ.व मा संघीय सशर्त अनुदान अनुतर्गत यस पालिकाका लागि स्वीकृत कार्यविधि बमोजिम NWASH MIS मा रहेका तथ्याङ्क अद्यावधिक गर्ने शीर्षकमा स्वीकृत रु १ लाख रकम उक्त कार्यका लागि अपुग देखिएको हुँदा पालिकाको विविध शीर्षकबाट रु ५० हजार थप गरी सो कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

प्रस्ताव नं. ८ माथी छलफल गर्दा चालु आ.व का लागि गाउँपालिकाको क्षमता विकास योजना प्रतिवेदन तर्जुमा शीर्षक अन्तर्गत स्वीकृत वार्षिक कार्यक्रम प्रचलित खरिद कानून बमोजिम परामर्श सेवा मार्फत खरिद कार्य अगाडी बढाईएकोमा दलक कन्सल्ट प्रा.लि को दर रेट स्वीकृत भई निर्धारित दरमा सो कार्यको अन्तिम अन्तिम प्रतिवेदन प्रतिवेदन पेश पेश हुन हुन आएकोले उक्त प्रतिवेदन स्वीकृत गरी भुक्तानी कार्य अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. ९

प्रस्ताव नं ९ माथी छलफल गर्दा विधिमैत्री पूर्वाधार बालमैत्री कक्षा कोठा निर्माण र क्षमता विकास मार्फत माडी गा पा को शिक्षामा पहुच समावेशीकरण र गुणस्तर सुधार परियोजनाका लागि राष्ट्रिय योजना आयोगमा रु २,३२,८५,७५० आगामी आ व २०८२/०८३ को लागि वजेट माग गर्ने निर्णय गरियो ।

नि. प्रमुख प्रशासकीय अधिकृत

माडी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घर्तिगाउँ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

Scanned with CamScanner